डा. लोकनाथ भुसाल
प्रमुख प्रशासकीय अधिकृत



# नगर प्रमुख श्री रामदुलार साहज्यूबाट मिति २०८३।३।८ गते रामगोपालपुर नगरपालिकाको १४ औं नगरसभामा प्रस्तुत गरिएको

## आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम र बजेट

*रामगोपालपुर नगरपालिकाको यस सम्मानीत १४ औं नगरसभामा उपस्थित नगर उपप्रमुखज्यू, नगर सभाका सदस्यज्यूहरु, यस गरिमामय नगरसभाका आजका प्रमुख अतिथि मधेश प्रदेश सरकारका पुर्व मुख्यमन्त्री माननीय सरोज कुमार यादवज्यू, मधेश प्रदेश सांसद सदस्य तथा जनप्रतिनिधिज्यूहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरपालिकामा कार्यरत कर्मचारीहरु, पत्रकारहरु, सुरक्षाकर्मीहरु, बुद्धिजिवी एवंम् उपस्थित नगरवासी र सम्पूर्ण महानुभावहरु ।*

१) स्थानीय सरकार प्रमुखको रुपमा रामगोपालपुर नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम र बजेट यस सम्मानीत सभा समक्ष प्रस्तुत गर्ने अवसर पाउँदा गर्वको अनुभूति गरेको छु ।

२) देशमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र स्थापनाका लागि जनआन्दोलन, सशस्त्र जनयुद्ध र मधेश आन्दोलनमा आफ्नो अमूल्य जीवन अर्पण गर्नुभएका सम्पूर्ण बीर ज्ञात, अज्ञात सहिदहरुप्रति भावपुर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

३) स्थानीय तहको प्रथम कार्यकाल सफलतापूर्वक सम्पन्न गर्दै नगरपालिकाको स्थापना र सर्वागिंण विकासमा पुऱ्याउनु भएको योगदानका लागि नगरपालिकाका पूर्व जनप्रतिनिधिज्यूहरुलाई उच्च कदर गर्दछु ।

४) वि.सं. २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्भालेको चार वर्ष पूरा भएको छ । यस अवधिमा नगरपालिकाको विकास, सुशासन र सेवा प्रवाह गर्ने दिशामा निकै दुरगामी र महत्वपूर्ण प्रभाव पर्ने कार्यहरु सम्पन्न गरिएको छ । केही दीर्घकालिन महत्वका विकास निर्माण र संस्थागत सुधारका प्रयासहरुको पनि थालनी गरिएको छ । यस कार्यमा नगरबासी तथा सरोकारवाला निकायहरुबाट भएको सहयोग, सहकार्य र समन्वयको लागि नगरपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु ।

५) नेपालको संविधानले समाजवादउन्मुख, समृद्ध, समावेशी र आत्मनिर्भर स्थानीय शासनको लक्ष्य हासिल गर्ने संकल्प गरेको छ । संघीय सरकारको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमले देशव्यापी रूपमा उत्पादन, उत्पादकत्व, रोजगारी, डिजिटल रूपान्तरण र सुशासनलाई प्राथमिकतामा राखेको छ । त्यसैगरी मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रमले प्रदेशभर कृषि आधुनिकीकरण, स्थानीय उत्पादन, उद्योग, पर्यटन, गरिबी न्यूनीकरण तथा युवा रोजगारीको विस्तारलाई केन्द्रमा राखेको छ । यी प्राथमिकताहरूलाई नगरपालिकाको यथार्थ अवस्था, आवश्यकता तथा सम्भावनासँग समन्वय गरी यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।